नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,सर्लाही
(प्रशासन शाखा)

स.प्र.जि.अ. : ०४६- ५२०१०६
कार्यालय : ०४६- ५२०१७७
इमेल :dao.sarlahi@gmail.co

प.स. : ०७७/०७८
च.नं. :

## जिल्ला प्रशासन कार्यालय, सर्लाहीको लागू औषध दुर्व्यसनी, गैरकानूनी व्यापार एवम् ओसारपसारसम्बन्धी अत्यन्त जरुरी सूचना

जिल्लाभित्र शान्ति, सुरक्षा एवम् सुव्यवस्था कायम गर्ने प्रधान हेतु रहेको नेपाल सरकारको जिल्लास्तरीय प्रमुख प्रशासकीय संयन्त्र जिल्ला प्रशासन कार्यालय, सर्लाही तथा यस जिल्लाका श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू समक्ष देहायका जनगुनासो/उजुरी मौखिक रूपमा प्राप्त भएको:–

- धेरै युवाहरू लागू औषधको दुर्व्यवसनीमा फसेको;
- लागू औषधको गैरकानूनी व्यापार व्यवसाय हुने गरेको;
- औषधि पसल/व्यवसायमा समेत लागू औषधको लुकीछिपी कारोवार हुने गरेको;
- विभिन्न नाकाहरूबाट गैरकानूनी ओसारपसार हुने गरेको ।

यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, सर्लाही तथा प्रमुख जिल्ला अधिकारीज्यूको उच्च चासो रहेको व्यहोरा अवगत गराइन्छ । यस सम्बन्धमा उच्च निगरानी बढाई कानूनबमोजिम कारवाही तत्काल अघि बढाउन लागिएको हुँदा यस्तो गैरकानूनी कार्य तत्काल रोकी सुध्रिन सबै सरोकारित पक्षमा जिल्ला प्रशासन कार्यालय, सर्लाही अनुरोध गर्दछ । कडा कारवाहीबाट भोलि पश्चाताप गर्नु र भनसुनको पछि लाग्नुको सट्टा अहिल्यैबाट यस्ता मानव समाजको लागि कलङ्क; गैरकानूनी कार्य तथा मानव जीवनलाई नारकीय बनाउने लागू औषधको अवैध प्रयोगलाई रोक्न आ-आफ्ना स्थानबाट संघीय, प्रादेशिक र स्थानीय सरकारका निकायहरू; गैरसरकारी संस्थाहरू; नागरिक समाज; सञ्चार क्षेत्र; सामुदायिक संस्था र अन्य सरोकारित पक्षहरू स्वत:स्फूर्त र इमान्दार भई लागिपर्न जिल्ला प्रशासन कार्यालय, सर्लाही हार्दिक अनुरोध गर्दछ ।

साथै, कुनै पनि वाद, आस्था र विचारभन्दा माथि उठेर राष्ट्रिय हित, सरकारको नीति, प्रचलित कानून एवम् सत्य, न्याय र निष्ठामा रही कार्य गर्ने यस जिल्ला प्रशासन कार्यालय, सर्लाही र प्रमुख जिल्ला अधिकारी समक्ष कुनै पनि गैरकानूनी कार्य/कसूर गर्ने पक्षलाई बचाउन/हेरिदिन आग्रह नगरिदिनुहुन सम्बन्धित सबैमा जिल्ला प्रशासन कार्यालय, सर्लाही अनुरोध गर्दछ ।

**कारवाही कदमहरू**

- सीमा/नाकामा विशेष निगरानी;
- शंकास्पद व्यक्ति, घर, पसल, व्यवसाय, सवारी साधन र स्थानको नियमित/छड्के कडा जाँच;
- सूचनाको सङ्कलन, विश्लेषण र योजनाबद्ध खानतलासी, पक्राउ एवम् कारवाही ।
- प्रचलित कानूनबमोजिम हदैसम्म सजाय ।

मिति : २०७७/११/२९ गते

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

"स्वच्छ र सक्षम निजामती प्रशासन : समृद्धि र सुशासन"

*जिल्ला प्रशासन कार्यालय, सर्लाहीको महत्त्वपूर्ण सूचना, जानकारी, निर्णय, आदेश कार्यालयको वेभसाइट daosarlahi.moha.gov.np मा नियमित रूपमा हेर्नु हुन तथा कुनै उजुरी, गुनासो र निवेदन गर्नुपर्ने भएमा कार्यालयको इमेल dao.sarlahi@gmail.com मा पठाउनु हुन अनुरोध छ ।*

CS Scanned with CamScanner